आज मिति २०८२।०८।२१ गते आइतबारका दिन, बेनी नगर कार्यपालिकाको कार्यालयको सभाहलमा बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी. ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा बसेको बेनी नगर कार्यपालिकाको आ.व. २०८२।८३ को पाँचौं बैठकमा निम्नानुसारको निर्णय गरियो।

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | श्री ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | श्री अर्जुन शर्मा | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | श्री रमेश कुमार श्रेष्ठ | प्रवक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-७ | |
| ५ | श्री टेक बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | श्री याम बहादुर क्षेत्री | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | श्री पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | श्री अण बहादुर खडका | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | श्री गोबिन्द बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | श्री कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | श्री उत्तम कुमार कर्माचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | श्री चक्र बहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | श्री मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | श्री कृष्ण कुमार बि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | श्री किसान बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | श्री मन कुमारी बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | श्री सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | श्री सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | श्री बबिता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | बबिता |
| २० | श्री मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | श्री निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

**अन्य उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | क्षेत्रबहादुर भण्डारी | उपसचिव, (नगर शिक्षा अधिकृत) | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

**बेनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बेनी, म्याग्दी**

**<u>आर्थिक वर्ष २०८२।८३ को पाँचौं कार्यपालिका बैठकका निर्णयहरु</u>**

*(मिति: २०८२।०८।२१ गते)*

**<u>प्रस्तावहरु:</u>**

**१. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सम्बन्धमा।**

**२. सार्वजनिक सुनुवाई सम्बन्धमा।**

**३. बेनी नगरपालिकाको सामाजिक आर्थिक सङ्कटासन्नता सूचना व्यवस्थापन प्रणाली सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ माथि छलफल सम्बन्धमा।**

**४. शिक्षा संकायमा गणित/विज्ञान विषय लिई अध्ययन गर्ने लक्षित विद्यार्थीका लागि छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७९ संशोधन सम्बन्धमा।**

**५. विविध सम्बन्धमा।**

**<u>निर्णयहरु:</u>**

१. गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखराले आव्हान गरेको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश सम्बन्धी मिति २०८२/०८/०९ को सूचनाका सम्बन्धमा यस अघि पेश गरेको नवप्रवर्तन साझेदारी परियोजनाको अवधारणापत्र स्वीकृत भए नभएको यकिन गरी सो अवधारणापत्र स्वीकृत नभएको अवस्थामा मात्र मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको प्रस्ताव देहायबमोजिम हुने गरी पेश गर्ने।

क) बेनी नगरपालिकाको तर्फबाट यस नगरपालिकाको वडा नं. २ को खबरा र आसपासको क्षेत्रमा रहेको केरा पकेट क्षेत्रलाई लक्षित गरी केराको खम्बाबाट रेशा निकाल्ने, रेशाबाट धागो निकाली हस्तकलाका सामाग्री तयार गर्ने तथा बाँकी रहेको वस्तुबाट गड्यौले मल उत्पादन गर्ने गरी हरित उद्यम स्थापना तथा सञ्चालन गर्न प्रस्ताव तयार गरी पेश गर्ने।

ख) उक्त परियोजनाको जम्मा लागत रु. ५४ लाख ६० हजार कायम गर्ने र सोको पच्चिस प्रतिशतले हुन आउने रकम रु. १३ लाख ६५ हजार मात्र यस नगरपालिकाले साझेदारी गर्ने गरी स्रोत सुनिश्चित गर्ने। साथै चालु आर्थिक वर्षको लागि संघ, प्रदेश साझेदारी कार्यक्रम शिर्षकको बजेटलाई समेत यही कार्यक्रममा उपयोग गर्ने।

ग) परियोजनाको बजेटलाई मुख्यमन्त्री नवप्रर्वतन साझेदारी कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२ ले तोकेका क्षेत्रमा मात्र खर्च गर्ने प्रतिवद्धता व्यक्त गर्ने।

घ) कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न योजना शाखा प्रमुखको संयोजकत्वमा कृषि शाखा प्रमुख र उद्यम विकास सहजकर्ता रहने गरी तीन सदस्यीय कार्यान्वयन समिति गठन गर्ने।

ङ) परियोजनाको फोकल पर्सनको रुपमा योजना शाखा प्रमुखको रुपमा कार्यरत प्रशासकीय अधिकृत श्री अर्जुन प्रसाद सुवेदीलाई तोक्ने।

सुरत केसी
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

२. चालु आर्थिक वर्षको प्रथम चौमासिकमा सेवा प्रवाह, विकास निर्माण तथा सरकार सञ्चालनका सम्बन्धमा भए गरेका कारबाहीको सम्बन्धमा मिति २०८२/०९/०४ गते शुक्रबार बेनी नगरपालिकाको वडा नं. २ मा सार्वजनिक सुनुवाइ गर्ने ।

३. बेनी नगरपालिकाको सामाजिक आर्थिक सङ्कटासन्नता सूचना व्यवस्थापन प्रणाली सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

४. शिक्षा संकायमा गणित/विज्ञान विषय लिई अध्ययन गर्ने लक्षित विद्यार्थीको लागि छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७९ को दफा २ मा रेहेको लक्षित वर्गको परिभाषालाई देहायबमोजिम हुने गरी संशोधन गर्ने र सो संशोधनबमोजिम हुने गरी कार्यविधिमा संगति मिलाई संशोधित कार्यविधि स्वीकृत गर्ने ।

"लक्षित वर्ग भन्नाले बेनी नगरपालिकाको स्थायी बासिन्दा भई कक्षा ११/१२ को हकमा विज्ञान (प्राविधिक धार समेत) वा गणित विषय र स्नातक तहको हकमा शिक्षाशास्त्र संकायमा विज्ञान वा गणित विषय लिई बेनी नगरपालिका भित्रका सामुदायिक/सरकारी शिक्षण संस्थामा अध्ययन गरिरहेका विद्यार्थीलाई जनाउनेछ।"

५. चालु आर्थिक वर्षमा विभिन्न मितिमा नगरक्षेत्रभित्र मनसुनजन्य विपदका कारण घरगोठमा क्षति पुगी सोको मर्मत गर्नुपर्ने अवस्थामा रहेका देहायबमोजिमका पीडित व्यक्तिहरुलाई सो मर्मतका लागि देहायबमोजिमको रकम विपद् व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने ।

क) भगवती खत्री, बे.न.पा-४ म्याग्दी रु. २५,०००।-

ख) पहल बहादुर कुँवर, बे.न.पा.-५ म्याग्दी रु. ३५,०००।-

ग) सम बहादुर दमै, बे.न.पा.-३ म्याग्दी रु. ५०,०००।-

घ) गुमान सिंह दमाई, बे.न.पा. -९ म्याग्दी रु. ३५,०००।-

६. यस नगरपालिकाबाट मिति २०८२/०६/२८ मा प्रकाशित टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा दर्ता तथा सञ्चालनसम्बन्धी सूचना बमोजिम प्राप्त आवेदनहरुमध्ये सवारी साधन अनुमतिपत्र पेश गरेका देहायका व्यक्तिहरुलाई अनुमति प्रदान गर्ने । साथै, रिक्त कोटामा अनुमति दिनको लागि आवेदकहरुलाई सवारी चालक अनुमतिपत्र पेश गर्न थप पन्ध्र दिनको समय दिने ।

क) हिरा बहादुर पुन मगर, बे.न.पा. ४ म्याग्दी ।

ख) जासीम मिया, बे.न.पा ७ म्याग्दी ।

सुरत के.सी.
नगर प्रमुख